

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर मिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १५ गते आइतबार ❑ 1 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


पोखरामा दुई करोडको फूलको कारोबार हुने

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

तिहारलाई लक्षित गरी पोखरा क्षेत्रमा यस वर्ष पनि करिब दुई करोड रुपैयाँभन्दा बढीको फूलको कारोबार हुने भएको छ ।

पोखरामा व्यावसायिक रूपमा फूलखेती विस्तार हुँदै गएसँगै स्थानीय उत्पादनले बजारको ठूलो हिस्सा ओगट्न थाले पनि पछिल्ला दिनमा परेको वर्षाका कारण फूल उत्पादनमा केही कमी आउन सक्ने भन्दै व्यवसायीहरू चिन्तित हुनु भएको हो ।

पोखरा महानगरपालिकाका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाका अनुसार यस वर्ष पोखरा क्षेत्रमा करिब दुई सय रोपनी क्षेत्रफलमा व्यावसायिक रूपमा फूलखेती गरिएको छ । तिहार पर्वलाई लक्षित गरी यस वर्ष पनि दुई करोड रुपैयाँभन्दा बढीको फूलको कारोबार हुने अनुमान गरिएको उहाँले बताउनुभयो । स्थानीय फूल उत्पादनलाई प्रोत्साहन गर्दै पोखरालाई फूलमा आत्मनिर्भर बनाउने उद्देश्यले महानगरपालिकाले यस वर्ष पनि फूलखेती गर्ने किसानलाई बीउ तथा मल्चिङ (प्लास्टिक) खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा क्षेत्रमा हाल १६५ जना किसान व्यावसायिक



रूपमा फूलखेतीमा संलग्न छन् । यस वर्ष पोखरामा फूल उत्पादन समग्रमा राम्रो भए पनि केही दिनदेखि लगातार परेको पानीले खुला आकाशमुनि लगाइएका फूलमा असर पर्न सक्ने उहाँले बताउनुभयो । फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) कास्कीका अध्यक्ष श्रीराम सुवेदीले पनि यस वर्ष पोखरा क्षेत्रमा कम्तीमा दुई करोड रुपैयाँभन्दा बढीको फूलको कारोबार हुने अनुमान गरिएको बताउनुभयो । उहाँका अनुसार फ्यानमा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायीसमेत व्यावसायिक फूलखेतीमा संलग्न छन् । व्यवसायीहरूले न्यूनतम ५० हजार रुपैयाँदेखि अधिकतम ६ लाख रुपैयाँसम्म आम्दानी हुने गरी फूलखेती गर्दै आएका छन् ।

पोखरामा उत्पादित सयपत्री, मखमलीलगायतका फूल तथा मालाको बिक्रीलाई थप व्यवस्थित बनाउन र उपभोक्तालाई सहज रूपमा स्थानीय फूल उपलब्ध गराउने उद्देश्यले यस वर्ष पनि पोखरा रंगशालाको पूर्वोत्तर भागमा यही कात्तिक १८ देखि २३ गतेसम्म पुष्प व्यापार मेला आयोजना हुने अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । मेलामा विभिन्न जातका फूल तथा तयार गरिएका मालाहरू बिक्रीका लागि राखिने उहाँले बताउनुभयो । त्यस्तै, फ्यानका पूर्वअध्यक्ष एवं गोल्डेन नर्सरीका सञ्चालक दयाकुमार द्वाले पनि यस वर्ष पोखरामा फूल उत्पादन राम्रो भए पनि पछिल्लो समय परेको पानीले उत्पादनमा केही कमी आउन सक्ने बताउनुभयो । विशेषगरी प्लास्टिकको छानाभित्र लगाइएका फूलमा कम असर परे पनि खुला आकाशमुनि लगाइएका फूल वर्षाका कारण प्रभावित भएको उहाँको भनाइ छ । उहाँका अनुसार कुनै समय फूलका लागि भारतमा निर्भर हुनुपर्ने पोखरा क्षेत्र पछिल्ला केही वर्षयता स्थानीय उत्पादनमा आत्मनिर्भरतातर्फ अघि बढेको छ । हाल पोखराको फूल बजारमा करिब ७० प्रतिशत स्थानीय उत्पादनले हिस्सा ओगट्ने गरेको छ भने बाँकी ३० प्रतिशत फूल छिमेकी जिल्ला तथा पालिकाबाट आउने गरेको छ । पछिल्लो समय विदेशबाट फूल आयात गर्नुपर्ने अवस्था निकै कम हुँदै गएको उहाँले बताउनुभयो । तिहारमा सयपत्री र मखमली फूलको माग उच्च हुने भएकाले उत्पादनमा सामान्य कमी आउँदा पनि बजारमा माग र आपूर्तिको सन्तुलन प्रभावित हुन सक्ने व्यवसायीहरूको भनाइ छ ।

भारी हिमपात र वर्षाले मुस्ताङको जनजीवन प्रभावित



रासस
मुस्ताङ, १४ कार्तिक

अर्नब चक्रवातको प्रभावले उपल्लो मुस्ताङमा भारी हिमपात र तल्लो क्षेत्रमा निरन्तर वर्षा हुँदा जनजीवन प्रभावित भएको छ ।

हिमपातका कारण कोरला नाका ठप्प भएको छ भने वर्षासँगै पहिरो खस्दा जोमसोम-कोरला सडकखण्ड अवरुद्ध भएको छ ।

शुक्रबार राति देखि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा बाक्लो हिमपात भइरहेको प्रमुख जिल्ला अधिकारी परशुराम पोखरेलले जानकारी दिनुभयो । वारागुङमुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङदेखि तल्लो क्षेत्रमा पनि शुक्रबार राति देखि नै निरन्तर वर्षा भइरहेको छ ।

भारी हिमपात र वर्षाका कारण मुस्ताङ भ्रमणमा रहेका पर्यटक, सर्वसाधारण तथा कोरला नाकामा मालसामान ढुवानीका लागि पुगेका कन्टेनर चालकलाई सुरक्षा

बाँकी अन्तिम पृष्ठमा ▶▶

न्यायालयको पुनःसंरचनाका लागि संसद्मार्फत अधि बढ्ने रास्वपाको निष्कर्ष

रासस
काठमाडौं, १४ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले न्यायालयमा देखिएको विकृति र विसङ्गति अन्त्यका लागि संसद्मार्फत अधि बढ्ने निष्कर्ष निकालेको छ ।

पार्टी मुख्यालयमा शनिबार सम्पन्न सचिवालय बैठकले न्यायालयको पुनःसंरचनाका लागि संसदीय दललाई निर्देशन दिएको प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो ।

"न्यायालयमा देखिएका व्यथिति र विसङ्गति तथा केही न्यायाधीशलाई जोडेर सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा जति सन्दर्भ आइरहेका छन्, यो विषयलाई अब निरूपण गर्नुपर्छ", बैठकको निष्कर्ष सुनाउँदै उहाँले भन्नुभयो, "न्यायलयको पुनःसंरचना गर्नुपर्ने आवश्यकता महसुस भएको अवस्थामा अब संसद्बाट यसको निरूपण खोज्नुपर्छ ।"

सञ्चारकर्मीमाथि भएको व्यवहारको छानबिन गरी दोषीमाथि कारबाही गर्न रास्वपाको निर्देशन


रासस
काठमाडौं, १४ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टीले पत्रकार सञ्चारकर्मीमाथि समाचारका विषयलाई लिएर सोधपुछ तथा समाचार कक्षमा प्रहरी प्रवेश गरी भएका गतिविधिको छानबिन गरी दोषीलाई यथाशीघ्र कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

पार्टी मुख्यालयमा शनिबार सम्पन्न सचिवालय बैठकले प्रेस स्वतन्त्रता विरोधी गतिविधिमा संलग्नमाथि कुनै सम्झौता नगरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको प्रवक्ता जगदीश खरेललले जानकारी दिनुभयो ।

"पत्रकार तथा सञ्चारकर्मीमाथि सोधपुछ वा पक्राउ गर्ने काम भयो, समाचार कक्षमा पुगे जे-जस्ता क्रियाकलाप भए, यो किन र कसरी भयो, कसले गर्‍यो, यो विषयमा छानबिन गर्न र दोषीलाई कारबाहीको दायरामा ल्याउन बैठकले सरकारलाई निर्देशन दिएको छ", उहाँले भन्नुभयो । बैठकले त्यस्ता गतिविधि गर्नेमाथि हुने कारबाहीको सन्दर्भमा कुनै सम्झौता र ढिलासुस्ती नगर्न सरकारको ध्यानाकर्षण गराएको छ । "राष्ट्रिय स्वतन्त्र पार्टी मौलिक अधिकारका रूपमा रहेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन र मानव अधिकारको सम्मान गर्दछ", बैठकपछि प्रवक्ता खरेलले भन्नुभयो, "प्रेस स्वतन्त्रताको सन्दर्भमा रास्वपा कहिल्यै कोहीसँग पनि सम्झौता गर्दैन ।" बैठकले प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धता सुनिश्चित गर्न पनि सरकारलाई निर्देशन दिएको छ ।

"अबका दिनमा प्रेस स्वतन्त्रता हननका घटना अथवा पत्रकार धरपकटका घटना अथवा समाचार लेखेकै आधारमा समाचारकै विषयमा कुनै पनि सञ्चारमाध्यम, प्रकाशक अथवा प्रसारक अथवा सञ्चारकर्मी पत्रकारले यो खालको स्थिति भोग्नु हुँदैन भन्नेमा रास्वपा स्पष्ट छ", प्रवक्ता खरेलले भन्नुभयो ।




वर्षाले अवरुद्ध जोमसोम-कोरला सडक सञ्चालन

रासस
मुस्ताङ, १४ कार्तिक

भारी वर्षाले अवरुद्ध जोमसोम-कोरला सडक मर्मतपछि सञ्चालनमा आएको छ ।

अर्नब चक्रवात प्रभावका कारण शुक्रबार राति देखि परेको भारी वर्षाले बारागुङ मुक्तिक्षेत्र-३ चैले सडक भासिदा शनिबार बिहानैदेखि अवरुद्ध भएको थियो । यसअघि 'ग्याबिन वाल'ले उकासेर सडक स्तरोन्नति गरिएकामा गएराति को भारी वर्षाले क्षति पुऱ्याएको बेनी-जोमसोम-कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो ।

कोरला सडकको सवारी आवागमन तत्काल सञ्चालन गराउने गरी 'ग्याविन वाल' लगाएर माटो भरेर सडक सञ्चालन गरिएको आयोजना प्रमुख शर्माले बताउनुभयो ।



प्रथम किड्स कप राष्ट्रिय भलिबल प्रतियोगिताको मिति सच्यो

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

युनाइटेड किड्स क्लब पोखराको आयोजनामा सञ्चालन हुने प्रथम किड्स कप राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता-२०८३ को मिति सरेको छ।

यसअघि आगामी मङ्सिर १ गतेदेखि ६ गतेसम्म पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आयोजना गर्ने तय भएको प्रतियोगिता अब मङ्सिर ९ गतेदेखि १५ गतेसम्म सञ्चालन हुने भएको क्लबका सचिव अशोक थापाले जानकारी दिनुभयो।

भारतमा नोभेम्बर १५ देखि २२ (कार्तिक २९ देखि मंसिर ६ गते) सम्म आयोजना हुने काभा पुरुष भलिबल लिगमा नेपाली राष्ट्रिय भलिबल टोलीसमेत सहभागी हुने भएकाले प्रतियोगिताको मिति सारिएको उहाँले जनाउनु भयो। राष्ट्रिय खेलाडीहरूको सहभागिता, प्रतियोगिताको गरिमा र नेपाली भलिबलको समग्र हितलाई ध्यानमा राख्दै मिति परिवर्तन गर्ने निर्णय गरिएको सचिव थापाले उल्लेख गर्नुभयो। प्रतियोगितामा नेपालका तीन विभागीय टोली नेपाल पुलिस क्लब, नेपाली सेना र सशस्त्र प्रहरी बलसहित आयोजक क्षेत्रको गण्डकी प्रदेश भलिबल टोली तथा अन्य दुई टोली गरी कुल ६ टोलीको सहभागिता रहने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेता टोलीले नगद ४ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। उपविजेताले २ लाख ५० हजार, तृतीय हुने टोलीले १ लाख र सान्त्वना स्थान हासिल गर्ने टोलीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ भने उत्कृष्ट सर्भर, सेटर, ब्लकर, लिब्रो, स्पाइकर र प्रशिक्षकलाई जनही १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिता सञ्चालनका लागि करिब ६० लाख ९५ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। आयोजकले विभिन्न प्रायोजक, सरकारी निकाय, टिकट बिक्री, सहयोगी संस्था तथा सञ्चारमाध्यमलगायतका स्रोतबाट ७१ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको छ।

भलिबल खेलको विकास, विस्तार र खेलाडीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजनागर्नलागिएको प्रतियोगिता संयोजक थमन गुरुङले बताउनुभयो। राष्ट्रियस्तरका उत्कृष्ट टोलीबीच प्रतिस्पर्धा गराउँदा स्थानीय तथा युवा खेलाडीले आफ्नो क्षमता प्रदर्शन गर्ने र राष्ट्रियस्तरका खेलाडीसँग अनुभव साट्ने अवसर प्राप्त गर्ने उहाँको भनाइ छ।

यस वर्ष पुरुषतर्फ मात्र प्रतियोगिता आयोजना गरिए पनि आगामी संस्करणदेखि महिला खेलाडीलाई समेत समेटेर प्रतियोगिता सञ्चालन गर्ने आयोजकको तयारी छ।

वर्षाले पर्यटकीय गतिविधि प्रभावित

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक



प्रतिकूल मौसमका कारण पोखरासहितका क्षेत्रमा पर्यटकीय गतिविधि प्रभावित बनेको छ। दसैँलगत्तै यहाँका विभिन्न गन्तव्यमा पर्यटक बढेकामा शुक्रबारदेखि भएको वर्षा र हिमपातले चहलपहल घटेको हो।

मुख्य पर्यटकीय याम चलिरहेका बेला मौसमले चुनौती थपेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो। "यो पदयात्राका लाग उत्तम याम हो, तर यही बेला मौसम प्रतिकूल हुँदा पर्यटनमा असर पुगेको छ", उहाँले भन्नुभयो, "कतिपय पर्यटकले मौसमकै कारण यात्रा रद्ध गरेका छन्।" जोखिमको अवस्था मूल्याङ्कन गरेर निश्चित क्षेत्रमा मात्र पदयात्रामा रोक लगाउनुपर्ने आचार्यको भनाइ छ। वर्षा हुँदासाथ सबै ठाउँमा एकसाथ पदयात्राका गतिविधि रोकिँदा नेपालका पदमार्गहरू असुरक्षित छन् भन्ने सन्देश जाने उहाँले बताउनुभयो। "सम्भावित जोखिमलाई दृष्टिगत गरी स्थानीय प्रशासनलगायत सम्बद्ध निकायले केही दिनअघि पदयात्रामा नजान पर्यटकलाई सार्वजनिक रूपमा सूचित गरेका थिए। खुलेको मौसममा हिमाल र डाँडाकाँडा हेर्दै पदयात्रा गर्ने समयमा पर्यटकका लागि वर्षा बाधक बनेको छ। शरद् याममा पनि अहिले आकाश धुम्म छ। झरी परिरहेको छ। हिमाल र पाखापखेरु बादलले ढाकिएका छन्", उहाँले भन्नुभयो।

यो याममा स्वच्छ र शान्त वातावरणमा हिमाली र पहाडी भेगको सौन्दर्य नियाल्न आन्तरिक तथा बाह्य पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रलगायत विभिन्न गन्तव्यको भ्रमणमा जाने गर्छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रवीन कडरियाले मुख्य पर्यटकीय याममै मौसम बिग्रँदा पर्यटक आवागमन प्रभावित भएको बताउनुभयो। "मौसमका कारण केही दिनयता अन्नपूर्ण क्षेत्रमा पर्यटकीय गतिविधि सुस्त भएका छन्", उहाँले भन्नुभयो, "मौसम खुल्नासाथ पर्यटकीय चहलपहल पुनः बढ्छ।" प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले यस क्षेत्र देशविदेशका पदयात्री पर्यटकमाझ लोकप्रिय गन्तव्य बनेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ। सडक मार्ग हुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यमा पुग्न सकिन्छ। गत असोजमा ३२ हजार ९६३ विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका थिए। जसमध्ये दक्षिण एसियाली मुलुकका १२ हजार ६४५ र अन्य देशका २० हजार ३१८ पर्यटक रहेका छन्। यो याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्ने गरेको छ। मौसम प्रतिकूल हुँदा पोखरामा हुने प्याराग्लाइडिङ, हट एयर बेलुन, अल्ट्रालाइट, स्काइडाइभिङजस्ता साहसिक खेल गतिविधि पनि प्रभावित बनेका छन्।

युनाइटेड क्लबद्वारा शुभकामना आदानप्रदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

युनाइटेड क्लब पोखराले नेपालीहरूको मौलिक चाडपर्व विजया दशमी, दीपावली, छठ तथा नेपाल संवत्को पावन अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा प्रमुख वक्ताका रूपमा बोल्दै पोखरा महानगरपालिका वडा नं. १० का वडा अध्यक्ष राजेश गुरुङले विपद् को समयमा क्लबले पुऱ्याएको योगदानको स्मरण गरे।

विगतमा वडा कार्यालयमा क्षति पुग्दा युनाइटेड क्लबले कम्प्युटर सहयोग गरेर कार्यालयको दैनिक कामकाज सुचारु गर्न ठूलो मद्दत गरेको उल्लेख गर्दै उनले क्लबका गतिविधिलाई निरन्तरता दिन वडा कार्यालयबाट यस पटक रु. १ लाख विनियोजन गरिएको जानकारी दिए। कार्यक्रममा अमरसिंह माध्यमिक विद्यालयका प्रधानाध्यापक



बलराम पोखरेलले युनाइटेड क्लब समाजका हरेक वर्गलाई समेटेर अघि बढेको बताए। क्लबले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन र विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेख्य कार्य गर्दै आएको चर्चा गर्दै उनले अमरसिंह मावि र युनाइटेड क्लबबीच नङ र मासुको जस्तै प्रगाढ सम्बन्ध रहेको तथा आगामी दिनमा पनि सहकार्य निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी, क्लबका पूर्व अध्यक्ष सुकबहादुर गुरुङले आगामी २३ गते आयोजना हुने देउसीभैलो कार्यक्रमबाट संकलित रकम विपद् व्यवस्थापन कोषमा सहयोग गरिने उद्देश्य रहेकाले सबैलाई खुलेर सहयोग गर्न अपिल गरे।

क्लबका आजीवन सदस्य बलराम ढुंगानाले युनाइटेड क्लब पोखरामा एक चिरपरिचित नाम भएको र यसका सम्पूर्ण गतिविधि पारदर्शी रहने गरेको बताए। शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनमा क्लबले खेलेको भूमिकाको प्रशंसा गरे।

क्लबका अध्यक्ष गणेश तिमिल्सिनाले युनाईटेड क्लबले शिक्षा, स्वास्थ्य, खेलकुद पर्यटन प्रवर्द्धन, सेती नदी संरक्षण र विपद व्यवस्थापनमा काम गर्दै आइरहदा नेपालीहरुको महान पर्व तिहारको अवसरमा देउसी भैलो कार्यक्रमको आयोजना गरि विपद व्यवस्थापन कोष सञ्चालन भइरहेको हुँदा आगामी कार्तिक २३ गते आयोजना हुने शुभकामना देउसीभैलो कार्यक्रममा सबैको साथ र सहयोग आवश्यक रहेको बताए। सो अवसरमा क्लबका आजीवन सदस्य चोलेन्द्र पौडेल गण्डकी प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यमा मनोनित भएको र क्लबका शुभचिन्तक नवराज घिमिरे अमरसिंह माध्यामिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मनोनित भएकोमा बधाइ ज्ञापन गरिएको थियो। क्लबका महासचिव सन्तोष कार्कीले सञ्चालन गरेको कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष शान्त बहादुर थापाले शुभकामना मन्तब्य राखेका थिए। यसैवीच शुभकामना आदान प्रदान कार्यक्रमकै बिच देउसीभैलो कार्यक्रम अगावै १ लाख रुपैया संकलन भएको देउसीभैलो कार्यक्रमका संयोजक तथा क्लबका प्रथम उपाध्यक्ष सूर्य बहादुर बानियाँले जानकारी दिए।

स्थानीय पाडीबाच्छी हुर्काउन किसानलाई १० हजारसम्म प्रोत्साहन

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

कास्कीमा कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी तथा बाच्छी हुर्काउन किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइने कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ। स्थानीयस्तरमै गाईभैँसीको उत्पादन बढाउँदै बाहिरबाट पशु आयात घटाउने उद्देश्यले पाडी बाच्छी हुर्काउनका लागि सरकारले किसानलाई नगद अनुदान दिनेछ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालय कास्कीले यसका लागि आवेदन माग गरेको छ। यस वर्ष यो कार्यक्रम अन्नपूर्ण गाउँपालिकाका सबै वडामा सञ्चालन हुने कार्यालयका प्रमुख डा ग्रिष्म न्यौपानेले बताउनुभयो। उहाँका अनुसार कार्यक्रमअन्तर्गत एक वर्ष उमेर पुगेका पाडी तथा बाच्छीलाई प्रतिगोटा अधिकतम रु १० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

"एक जना कृषकले बढीमा पाँच वटा पाडीबाच्छीका लागि आवेदन दिन सक्नेछन्। यसअनुसार एक कृषकले अधिकतम रु ५० हजारसम्म सहयोग पाउनेछन्", प्रमुख न्यौपानेले भन्नुभयो। कार्यक्रमका लागि रु ३५ लाख बजेट विनियोजन गरिएको छ। उक्त रकमबाट ३४५ वटा पाडी तथा बाच्छीलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने लक्ष्य राखिएको छ। "स्थानीयस्तरमा जन्मिएका पाडीबाच्छीलाई हुर्काएर उत्पादनशील गाईभैँसीको सङ्ख्या बढाउनसके दूध उत्पादनमा वृद्धि हुनुका साथै अन्य जिल्लाबाट गाईभैँसी खरिद तथा आयात गर्नुपर्ने बाध्यता हुँदैन। यसले स्थानीय किसानलाई पशुपालनमा आकर्षित गर्नुका साथै उत्पादन र आम्दानी बढाउन पनि सहयोग पुग्नेछ", कार्यालय प्रमुख न्यौपानेले भन्नुभयो।

प्रोत्साहन रकम पाउन सम्बन्धित गाउँपालिकामा गाईभैँसीपालन गरिरहेको, कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी वा बाच्छी पालिरहेको र तिनको उमेर एक वर्ष पुगेको हुनुपर्नेछ।

आवेदनका साथ कृषकले कृत्रिम गर्भाधानको प्रमाण, पशुको बिमालेख, पहिचान खुल्ने फोटो तथा सम्बन्धित पशु सेवा शाखाको सिफारिस पेस गर्नुपर्नेछ। स्थानीयस्तरमा पशुको नश्ल सुधार, उत्पादन वृद्धि र गाईभैँसीको सङ्ख्या विस्तार गर्दै दूध उत्पादनमा आत्मनिर्भर बन्न तथा बाह्य निर्भरता घटाउन कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको कार्यालयले जनाएको छ। कास्कीमा गत वर्ष यो कार्यक्रम कार्यान्वयन गरिएको थियो। जसमा ९९ कोरली पाडी र ३५५ कोरली बाच्छी हुकिइ माउ बन्न योग्य भएको बताइन्छ। यसबाट आगामी वर्ष जिल्लामा १२ लाख लिटर अतिरिक्त दूध उत्पादन हुने अपेक्षा गरिएको पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो।

लेखनाथमा कराँतेको जिल्लास्तरीय प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

छैंटौं लेखनाथ कप एवम् ११ औं क्योकुशिन कान फुलकन्ट्याक कराँते तथा मुआथाई जिल्लास्तरीय प्रतियोगिता शनिवारदेखि लेखनाथमा सुरु भएको छ।

प्रतियोगितामा २५ देखि ५५ केजी तौल समूहका २०० खेलाडीको सहभागिता रहेको छ। नेपाल क्योकुशिन कान कराँते लेखनाथका डोजो प्रमुख शुवास खड्काको अध्यक्षतामा भएको उद्घाटन समारोहमा बोल्दै पोखरा ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीले स्वास्थ्यका लागि खेलकुद निकै महत्वपूर्ण रहनेमा जोड दिए। पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदारले अध्ययन सँगै खेलकुदलाई पनि अगाडि बढाउन प्रतियोगीहरुलाई प्ररित गरे। पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीले सञ्चालन गरेको प्रतियोगितामा लेखनाथ यद्योग वाणिज्य संघकी अध्यक्ष जानुका अधिकारी पराजुली, प्रथम उपाध्यक्ष विक्रम कर्माचार्य, नेपाल क्योकुशिन कान कराँते कास्कीका व्राञ्च चिफ लक्ष्मण कुँवर लगायतले शुभकामना व्यक्त गरेका थिए।



पुरुष र महिलाका छुट्टाछुट्टै समूहमा प्रतियोगितामक खेल हुने र विजयी खेलाडीले नगद सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक बिनोद नेगीले जानकारी दिए।

दुई दीवसीय रुपमा आयोजित प्रतियोगितामा निर्णायकहरु अर्जुन बराम, मोसेस कुमाल, अनिल बराम लगायत रहेका छन् भने जुरी निर्णायकमा धनबहादुर तामाङ,र ओमराज पुन रहेका छन्।

भारी ...

सावधानी अपनाउन प्रशासनले अनुरोध गरेको छ। नेपाल-चीन सीमास्थित कोरला नाका र आसपासका क्षेत्रमा दुईदेखि तीन फिटसम्म हिउँ जमेको लोमान्थाङ गाउँपालिका-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी)ले जनाएको छ। बीओपीका प्रमुख सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार हिमपातका कारण जोखिम बढेपछि कोरलातर्फको सडकमा सवारीसाधन तथा पर्यटकको आवागमन रोकिएको छ।

न्हेचुङबाट कोरला नाकाजाने र न्हेचुङबाट जोमसोम फर्ने भन्सार जाँचपास भइसकेका कन्टेनर तथा विद्युतीय सवारीसाधनलाई समेत आवागमन नगर्न भनिएको छ। मौसम सामान्य नभएसम्म नेपाल-चीन सीमा व्यापार तथा निकासी-पैठारी कारोबार सञ्चालन नगर्न अनुरोध गरिएको सशस्त्र प्रहरी निरीक्षक धितालले बताउनुभयो।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी गुरुङले शुक्रबार रातिदेखि सुरु भएको भारी हिमपात अझै जारी रहेको बताउनुभयो। कात्तिक महिनामै पहिलोपटक यति बाक्लो हिमपात भएको हो। उपल्लो मुस्ताङका बस्ती, खर्क, पाटन र उच्च लेकका क्षेत्र हिउँले ढाकिएका छन्। हिमपातसँगै चिसो बढेपछि स्थानीयको जनजीवन प्रभावित भएको उहाँले बताउनुभयो। यसैबीच, वर्षाका कारण जोमसोम-कोरला सडकखण्ड पनि अवरुद्ध भएको छ। घरपझोङ गाउँपालिका-४ जोमसोमदेखि माथिको सडक र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ईश्वर महतले जानकारी दिनुभयो।

फोटो पत्रकार अक्षयकोषमा पत्रकार निशान रानाको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा फोटो पत्रकार निशान रानाले आर्थिक सहयोग गरेका छन्।

नेपाल पत्रकार महासंघ जापान शाखाका कोषाध्यक्ष समेत रहेका रानाले अक्षयकोषमा नगद १० हजार रुपैयाँ सहयोग गरेका हुन्। उनले एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त रकम हस्तान्तरण गरे।

अक्षयकोष सहयोगदाता रानाले फोटो पत्रकारको हितका लागि फोटो पत्रकार अक्षयकोषमा सहयोग गरेको बताए। आगामी दिनमा जापान र नेपालको फोटो पत्रकारिताको हितमा सहकार्य गर्दै जाने उनले प्रतिवद्धता जनाए। सहयोग प्राप्त भएपछि एनपिजेए कास्की अध्यक्ष राम गुरुङले फोटो पत्रकार रानालाई धन्यवाद ज्ञापन गरे। उनले विभिन्न दाताहरुबाट प्राप्त सहयोगले अक्षयकोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउँदै कोषको रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने जानकारी दिए।

कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जनताले लेख्ने उपन्यास नै इतिहास हो । – एल्फ्रेड डे

सम्पादकीय

शाहीकालको झल्को दिने गरि पत्रकार आतंकित पार्दै सरकार

प्रधानमन्त्री बालेन शाह नेतृत्वको रास्वपा सरकारले शाही शासनकै झल्को दिनेगरी पत्रकारमाथि धरपकड गरेर पत्रकारलाई आतंकित पारेको छ। राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते शुक्रबार कु गरेपछि संचार गृहमा सेना पठाएका थिए । त्यसकै झल्को दिने गरि २०८३ कार्तिक १३ गते संचार गृहमा सादा पोशकका सुरक्षाकर्मी प्रवेश गरेर पत्राउ गर्ने र संचार गृहलाई आतंकित पार्ने काम शुक्रबार रोजेका छन । अहिलेको बालेन सरकारले महत्त्वपूर्ण घटना शुक्रबार रोज्ने गरेको छ। संविधानको प्रस्तावनामै सुनिश्चित गरिएको पूर्ण प्रेस स्वतन्त्रताको मर्म विपरीत बालेन सरकारले विभिन्न सञ्चारमाध्यमको समाचारकक्षमै प्रवेश गरेर पत्रकारहरुलाई धरपकड र गिरफ्तार गरेर संविधान, कानुनको धज्जी उडाएको छ।

साइबर ब्यूरो र अपराध अनुसन्धान कार्यालयबाट सादा पोशाकमा खटिएका प्रहरी अधिकारीहरुले नेपाल प्रेसबाट विश्व मणि सुवेदी र पत्रकारहरुलाई पत्राउ गरे । नयाँ पत्रिकाका नवराज मैनालीलाई पत्रिका कार्यालय भित्र पसेर प्रहरीले खोजी गरिरहे र आतंकित पारे । प्रहरीले अस्वभाविक रुपमा धरपकड गर्न खोजेपछि केही पत्रकार सम्पर्कविहीन भए । यो घटनाको चर्को विरोधपछि प्रधानमन्त्री कार्यालयले धरपकडबारे हामीलाई थाहा छैन भनेको छ। तर प्रधानमन्त्रीको टिमलाई पूर्वजानकारी दिएर नै कार्कीले पत्रकारहरूलाई नियन्त्रणमा लिन, उनीहरूको उपकरण जफत गर्ने र समाचार एवं सूचनाको स्रोत पहिचान गर्ने रणनीति सहित निर्देशन दिएको खुलेको छ। 'प्रधानमन्त्रीज्यू र गृहमन्त्रीज्यूको निर्देशन रहेको' स्पष्टै उल्लेख गरेर प्रहरी महानिरीक्षक कार्कीले आदेश गरेका सूचना सार्वजनिक भएका छन । धरपकडको अग्रभागमा आइजीपी दानबहादुर कार्की देखिए पनि पृष्ठभागमा सरकार सन्चालनमा सक्रिय केही पात्र नै यसबारे जानकार तथा कारक देखिन्छन् । पत्राउले बालेन सरकारको चौतर्फी बिरोध पछि पत्राउ गरेका पत्रकार राति नै रिहा भएका छनानेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल, नेपाल बार एशोसिएसन, पत्रकारिता संग संबंधित संगठन, राजनीतिक दल र नागरिक समाजको विरोधले शुक्रबारको धरपकड सत्तारूढ दललाई महंगो पर्ने भएपछि विपक्षी दलकै लाइनमा रास्वपा उभिएको छ।

सरकारले प्रेसमाथि धरपकड तीव्र पार्दै गर्दा सत्तारुढ रास्वपाले भने सरकारी कार्यशैलीको जमेर विरोध गरेको छ। कानुन कार्यान्वयनको आवरणमा स्वतन्त्र प्रेसलाई भयभीत बनाउने, सञ्चारगृहको गरिमामाथि प्रहार गर्ने र लोकतान्त्रिक संस्थाहरूलाई संकुचित पार्ने कुनै पनि कार्यशैली तथा गतिविधीहरू लोकतान्त्रिक आचरण अनुकूल हुन सक्दैन भनी रास्वपाले वक्तव्य दिएको छ। 'सञ्चारमाध्यमलाई नियमन गर्ने अधिकारप्राप्त संस्थाहरू क्रियाशील रहेको अवस्थामा स्थापित कानुनी र संस्थागत बाटोलाई छलेर सञ्चारकर्मीमाथि धरपकड गर्नु विधिको शासनको ठाडो उल्लङ्घन हो, यस्ता कदमलाई कुनै पनि अर्थमा न्यायोचित मान्न सकिँदैन। शुक्रजुनसुकै आवरण वा बहानामा सञ्चारमाध्यमलाई त्रसित पार्ने, मनोवैज्ञानिक दबाबमा राख्ने वा संकुचित गर्ने प्रयासहरू पत्रकार जगतलाई स्विकार्य छैन। समाचार लेखेकै आधारमा केही सञ्चारकर्मीहरूलाई नियन्त्रणमा लिइएको र अन्यको खोजी जारी रहेको समाचारहरूको सन्दर्भमा निष्पक्ष, पारदर्शी र यथार्थ छानबिन गरी अविलम्ब सत्यतथ्य सार्वजनिक गर्ने आँट सरकारले गर्नुपर्छ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: स्वास्थ्यमा सुधार
वृष	: सत्कार मिल्नेछ	वृश्चिक	: शुभ यात्रा
मिथुन	: मानसिक तनाब	धनु	: आर्थिक समस्या
ककर्ट	: सहयोग मिल्नेछ	मकर	: शत्रुको भय
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: कार्यमा सफलता
कन्या	: झमेला बढ्ने	मीन	: अप्रत्यसित लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

हिमपात भएपछि मनाङमै रोकिए पर्यटक

पोखरापत्र संवाददाता
मनाङ, १४ कार्तिक

बङ्गालको खाडीमा उत्पन्न अर्नब चक्रवातको प्रभावका कारण हिमाली क्षेत्रमा हिमपात भएको छ।

हिमपातले माथिल्लो मनाङका पर्यटकीय गन्तव्यमा पुग्ने पर्यटक मनाङमा रोकिएका छन्। माथिल्लो क्षेत्रमा हिमपात बाक्लो भएपछि पूर्ण रूपमा पदयात्रा नजान सूचना जारी भएपछि पर्यटक मनाङमा रोकिएका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँका पर्यटकका साथै जनजीवन कष्टकर बनेको छ।

माथिल्लो मनाङमा बाक्लो हिउँ परेपछि यहाँको भ्रमणमा आएका पर्यटक मनाङमा नै रहेका प्रमुख भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, "करिब २०० पर्यटक अहिले मनाङ गाउँमा बसिरहेका छन्। हिउँ बाक्लो परेकाले मौसम सुधार हुँदै गए पनि हिँड्नसक्ने अवस्था रहेको छैन ।" जोखिम मोलेर केही पर्यटक भने यात्रा निस्कन खोजिरहेका उहाँले बताउनुभयो । मौसम पूर्वानुमान महाशाखाबाट जारी भएको मौसमी प्रणालीको पूर्वानुमानअनुसार चक्रवातको प्रभावले हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै सुरक्षित स्थानमा रहन पर्यटकलाई आग्रह गरेअनुरूप मनाङमा आएका पर्यटकलाई सुरक्षित रहन आग्रह गरेका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले जानकारी दिनुभयो । "मौसममा केही सुधार आएको छ । तर, पर्यटक तथा स्थानीयलाई आवतजावत गर्न र गन्तव्यमा जान दिने अवस्था भने बनिसकेको छैन", प्रमुख जिल्ला अधिकारी खनालले भन्नुभयो, "हिउँ बाक्लो छ । पदयात्रामा जाने पदमार्गको सबै नक्सा नै छोपिएकाले जोखिम कायमै नै छ।"

सुरक्षित स्थानमा बस्न र जोखिममा यात्रा नगर्न भने होटल व्यवसायीलाई जानकारी दिनु अनुरोध गरेको उहाँले बताउनुभयो । बिहीबार साँझदेखि हल्का हिमपात भएको थियो भने शुक्रबार र शनिबार बिहानसम्म भारी हिमपात भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

गलेश्वरमा सामुदायिक भवन निर्माण

रासस
म्याग्दी, १४ कार्तिक

म्याग्दीको बेनी नगरपालिका-९ स्थित धार्मिकस्थल गलेश्वर शिवालय मन्दिर परिसरमा दाताले दिवङ्गत श्रीमतीको स्मृतिमा रु एक करोड २५ लाखको लागतमा सामुदायिक भवन निर्माण गरेका छन्।

हाल बेलायतमा रहनुभएका काठमाडौंका डा सुरेश काफ्लेद्वारा दिवङ्गत श्रीमती बिन्दु पराजुली काफ्लेको नाममा स्थापित संस्थाले निर्माण गरेको भवनको आज उद्घाटन गरिएको छ। एक सय तीन वर्षीया धनसरी पाइजा, गलेश्वर शिवालय क्षेत्र विकास कोषका संरक्षकसमेत रहेका प्रमुख जिल्ला अधिकारी गणेश गैरे र बिन्दुका श्रीमान सुरेशले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो।

'बिन्दु काफ्ले फाउण्डेसन' ले एक करोड २५ लाखमा दुईतले भवन निर्माण गरी कोषलाई हस्तान्तरण गरेको कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । गत २०८२ मङ्सिर महिनादेखि भवन निर्माण सुरु भएको थियो । भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री भवनको भुई तलामा सभाहल, पहिलो तलामा कोषको सचिवालय र दोस्रो तलामा रहेको एक वटा कोठामा भान्छाकोठा बनाइएको छ। कोषको कार्यालय सञ्चालन र गलेश्वर मन्दिरमा दर्शन तथा पूजाआजाका लागि आउने भक्तजनलाई भवन निर्माणपछि सहज भएको अध्यक्ष रेग्मीले बताउनुभयो । हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्धारका रूपमा परिचित गलेश्वर म्याग्दीको प्रमुख धार्मिकस्थल हो।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरमा शिवालय मन्दिर पनि छ । हिन्दू धर्मग्रन्थमा गलेश्वरमा सतिदेवीको गला पतन भएको उल्लेख छ । साउनको सोमबार, बालाचतुर्दशी र महाशिवरात्रि पर्वमा मेला लाग्ने गलेश्वरमा दैनिक नित्य पूजाआजा गरिन्छ । गलेश्वरमा पूजाआजा र दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास रहिआएको स्थानीय बताउँछन्। स्व बिन्दुका परिवारको गलेश्वर मन्दिरको विकासमा महत्त् वपूर्ण योगदान रहेको छ। बिन्दुका बुवा राधाकृष्ण पराजुलीले गलेश्वर मन्दिर निर्माण र विसं २०५७ मा गलेश्वर शिवालय क्षेत्र विकास कोष स्थापना गर्नुभएको थियो । राधाकृष्णका छोरा रमेश पराजुलीले गलेश्वर मन्दिरको छानामा पित्तलको जलप लगाउने लगायतका काममा सघाउनुभएको कोषले जनाएको छ। विसं २०७३ मा बेलायतमा दिवङ्गत हुनुभएकी चिकित्सक रहेकी बिन्दुको इच्छा र स्थानीय आवश्यकताअनुसार भवन निर्माणमा सघाएको सुरेशले बताउनुभयो। गलेश्वर शिवालय क्षेत्र विकास कोषका संरक्षकसमेत रहेका बिन्दुका दाजु रमेश र फाउण्डेशनका कोषाध्यक्ष रमेश सुवेदीले निर्माण भएको भवन सदुपयोग हुने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ सांस्कृतिक टोली सम्मानित

रासस
काठमाडौं, १४ कार्तिक

नेपाल भ्रमणमा रहेको चिनियाँ साहित्यिक एवं सांस्कृतिक प्रतिनिधिमण्डलका सदस्य सम्मानित भएका छन्।

देवकोटा लु सुन प्रज्ञा प्रतिष्ठान र एसएस फाउण्डेसनद्वारा यहाँ आयोजित सांस्कृतिक कार्यक्रममा चिनियाँ प्रतिनिधिमण्डल सम्मानित भएका हुन् । प्रतिनिधिलाई फाउण्डेसनका संरक्षक गीतकार शोभित उप्रेती, फाउण्डेसनका अध्यक्षसमेत रहनुभएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र प्रज्ञा प्रतिष्ठान उपाध्यक्ष मातृका पोखरेलसहितले सम्मान गर्नुभएको हो । जनवादी गणतन्त्र चीनको साहित्यिक एवं सांस्कृतिक टोलीको नेतृत्व 'लु सुन कल्चरल फाउण्डेशन'का अध्यक्ष एवं विश्व प्रसिद्ध साहित्यकार लु सुनका नाति झाउ लिङफेईले गर्नुभएको छ। संरक्षक उप्रेतीले चिनियाँ सांस्कृतिक एवं साहित्यिक टोलीको नेपाल भ्रमणले यस क्षेत्रमा दुई देशबीच सहकार्य बढ्ने बताउनुभयो । प्रतिष्ठानका उपाध्यक्ष पोखरेलले मित्रराष्ट्र चीनको सांस्कृतिक एवं साहित्यिक टोलीको भ्रमणले एक अर्काको संस्कृति, साहित्यिक र सभ्यताको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

पोखराको आकाशमा रमेको 'प्रकृति, संस्कृति र साहस'

राम थापा
गण्डकी, १४ कार्तिक/रासस

शरद याम चलिरहेको छ । निलो आकाश र सेताम्मे हिमालले पोखराको सौन्दर्य थप खुलेको छ । दसैँयता पर्यटकको चहलपहल बाक्लिएको छ । पर्यटनको राजधानी पोखरा यतिबेला 'गुल्जार' बनेको छ।

पर्यटकीय गतिविधि बढेका छन्। पोखराको पर्यटन साहसिक खेलसँग पनि जोडिएको छ । यतिबेला पोखराको आकाशमा दैनिक प्यारग्लाइडिङदेखि हट एयर बेलुनसम्म, अल्ट्रालाइटदेखि स्काइडाइभिङसम्म भइरहेको छ। भनिन्छ पोखराको पर्यटन 'प्रकृति, संस्कृति र साहस' मा आधारित छ। यसैमध्येको एक साहसिक खेल हो स्काइडाइभिङ । जुन साहस र रोमाञ्चकताको अनुभव बटुल्न चाहाने पर्यटकको रोजाइमा पर्ने गरेको छ । तेह्र हजार फिटमाथि उडिरहेको हेलिकप्टरबाट हाम फालेर प्यारासुटको सहायताले भुइँमा अवतरण गर्नु जो कोहीका लागि असम्भव छ। तर, खर्चिला पर्यटकका लागि भने आफ्नो हिम्मत जाँच्ने र सोख पूरा गर्ने माध्यम बनेको छ स्काइडाइभिङ।

विसं २०६७ मा पोखरामा पहिलोपटक परीक्षण उडान गरिएको स्काइडाइभिङ अबदेखि वर्षभरि नियमित रूपमा सञ्चालन हुने भएको छ । यसअघि वर्षको एक/दुई याममा मात्र स्काइडाइभिङ सञ्चालन हुँदै आएको थियो । हेलिकप्टर सेवा प्रदायक सिम्रिक एयरसँग मिलेर स्काइडाइभिङ इन नेपाल प्रालिले पोखरामा स्काइडाइभिङ गराउँदै आएको छ। पोखरा महानगरपालिका-२३ पामे, लौराकमा रहेको एभिया क्लबको हवाई खेलकुद अभ्यास मैदानमा स्काइडाइभिङ भइरहेको कम्पनीका प्रशिक्षक एलिस थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार अङ्ग्रेजी महिना अक्टुबरयता ३५ जनाले पाइलटसहित (टेण्डम) र २० जनाले एकल (सोलो) स्काइडाइभिङ गरेका छन् । असोज-कात्तिकमा मौसम खुला हुने भएकाले यो याममा स्काइडाइभिङका लागि आउने पर्यटक बढी हुने गरेको प्रशिक्षक थापाले बताउनुभयो । "तालिमप्राप्त र अनुभवी विदेशी नागरिकहरू एकल (सोलो) स्काइडाइभिङका लागि पोखरा आउन रुचाउँछन्, पछिल्लो समय नेपालीहरूमा पनि स्काइडाइभिङको आकर्षण बढेको छ", उहाँले भन्नुभयो, "अधिकांश पाइलटसहित (टेण्डम) उडान गर्नेहरू हुन्छन्।" पोखराको पुरानो विमास्थलबाट गएको हेलिकप्टर लौराकबाट



१३ हजार फिटको उचाइमा पुगेपछि प्रशिक्षकहरूले पर्यटकलाई स्काइडाइभिङ गराउने गरेका छन् । हेलिकप्टरबाट हाम फालेको ५० सेकेन्डपछि प्यारासुट खुल्ने र त्यसपछि सातदेखि आठ मिनेटसम्म आकाशमा उडान हुने गरेको छ। तेह्र हजार फिटमाथि रहेको हेलिकप्टरबाट हाम फालेका पर्यटक प्यारासुटको सहायतामा अवतरण गर्ने गर्छन्। कम्पनीले स्काइडाइभिङ गरेबापत नेपालीका लागि डिलक्स प्याकेजको मूल्य रु एक लाख दुई हजार, भिआइपी प्योकजको रु एक लाख २३ हजार र डायमण्ड प्याकेजका लागि रु एक लाख ४९ हजार तोकेको छ। त्यस्तै विदेशी नागरिकले ती प्याकेजका लागि क्रमशः रु ७५०, ९०० र एक हजार २०० डलर तिनुपर्ने प्रशिक्षक थापाले बताउनुभयो। उहाँसहित सुवास थापा, मनिष हिराचन र नेपालको पहिलो महिला स्काइडाइभर यसोदा केसी थापाले पोखरामा स्काइडाइभिङ गराउँदै आउनुभएको छ।

"नेपालमै केही गरौं भन्ने सोचका साथ स्काइडाइभिङ सुरु गरेका हौं, केही वर्ष अघिसम्म पोखरामा विदेशीले मात्र स्काइडाइभिङ गराउँथे, अहिले हामी सबै नेपाली प्रशिक्षक छौं", प्रशिक्षक थापाले भन्नुभयो । स्काइडाइभिङलाई नेपालमा व्यावसायिक रूपमा अगाडि बढाउने सोचले आफूले विदेशमा गएर तालिम हासिल गरेको उहाँले बताउनुभयो । पोखरालाई स्काइडाइभिङलगायत साहसिक खेलको केन्द्र बनाउन सकिएमा रोजगारी सिर्जनादेखि देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सकिने उहाँको भनाइ छ। पोखराको आकाशबाट देखिने हिमाल र प्राकृतिक सौन्दर्यले स्काइडाइभिङ गर्ने जोकोहीलाई लोभ्याउने गरेको प्रशिक्षक थापाले बताउनुभयो।

कम्पनीका सञ्चालक निर्मल पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणले मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिएसँगै पोखरामा नियमित रूपमा स्काइडाइभिङ सञ्चालनमा आएको बताउनुभयो । गत वर्षसम्म प्राधिकरणले एकपटकमा जम्मा १५ दिनका लागि मात्र स्काइडाइभिङको अनुमति दिँदै आएको थियो । 'आरएओसी' दिन स्काइडाइभिङ कम्पनीले गरेको माग प्राधिकरणबाट सुनुवाई भएपछि पोखरामा नियमित रूपमा स्काइडाइभिङ सञ्चालन गर्न सहज भएको कम्पनीका सञ्चालक पाण्डेले बताउनुभयो । एरियल स्पोर्टर्स विधामा पर्ने स्काइडाइभिङ दिगो र नियमित हुन सकेमा धेरै विदेशी पर्यटलाई पोखरामा भित्र् याउन सकिने उहाँको भनाइ छ। हाल स्काइडाइभिङ इन नेपाल प्रालिले मात्र प्राधिकरणबाट 'आरएओसी' पाएको छ। कम्पनीले तालिम प्राप्त र अनुभवी नेपाली प्रशिक्षकहरूबाटै स्काइडाइभिङ गराउँदै आएको छ । स्काइडाइभिङका लागि पोखरा आकर्षक गन्तव्य रहेको सञ्चालक पाण्डेले बताउनुभयो। प्राधिकरणले तोकेको मापदण्ड पूरा गर्ने स्काइडाइभिङ कम्पनीलाई मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिने गरेको छ । उक्त प्रमाणपत्र पाउने कम्पनीले जुनसुकै समयमा स्काइडाइभिङ गराउन पाउने प्राधिकरणले जनाएको छ । सञ्चालन प्रमाणपत्र लिन स्काइडाइभिङ कम्पनीहरूसँग आफ्नै वायुयान (हेलिकप्टर/जहाज) हुनुपर्ने नत्र हेलिकप्टर सेवा प्रदायकसँगको पाँच वर्षे सम्झौता चाहिने प्रावधान रहेको छ। स्काइडाइभिङ गराउन चाहाने कम्पनीका लागि छुट्टै आधारस्थल, एयर स्पेस र आफ्नै प्रशिक्षकसमेत हुनुपर्ने व्यवस्था छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पोखरा साहसिक खेल पर्यटनका हिसाबले पनि अग्रणी स्थानमा रहेको बताउनुभयो । "पोखराको पर्यटन नेचर, कल्चर र एडभेन्चरको समिश्रण हो, यी तीनै क्षेत्रबाट हामीले ठूलो लाभ लिन सक्छौं", उहाँले भन्नुभयो, "साहसिक पर्यटन गतिविधिमा विदेशी पर्यटकलाई आकर्षित गर्न सकियो भने पोखराको पर्यटनले नयाँ फड्को मार्छ।"

व्यक्तिगत घटना दर्ता प्रणालीबाट मतदाता नामावली अद्यावधिक गरिने

रासस
काठमाडौं, १४ कार्तिक

निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विवरण लिएर मतदाता नामावली अद्यावधिक तथा विवरण प्रमाणीकरण गर्ने भएको छ।

निर्वाचन आयोग र विभागबीच व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरण उपयोग गरी मतदाता नामावली अद्यावधिक गर्ने समझदारीअनुरुप सो कार्य अघि बढ्ने भएको हो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समझदारीअनुसार विभागले आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण सुरक्षित प्राविधिक माध्यमबाट आयोगलाई उपलब्ध गराउनेछ । मतदाता नामावली अद्यावधिक प्रक्रियालाई थप सहज, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले दुई निकायबीच यही कात्तिक १२ गते समझदारीपत्रमा हस्ताक्षर भएको थियो । विवरणको सुरक्षित आदानप्रदान तथा उपयोगका लागि आवश्यक प्राविधिक प्रणाली विकास, तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम गर्ने व्यवस्था मिलाइने समझदारीपत्रमा उल्लेख छ । साथै, समझदारी कार्यान्वयनका क्रममा उत्पन्न हुने प्राविधिक विषय समाधान गर्न दुवैपक्षका प्रतिनिधि सम्मिलित संयुक्त प्राविधिक कार्यसमूह गठन गरिनेछ।

यस सहकार्यबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरणको उपयोगमार्फत मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्य थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ।

मुस्ताङको पर्यटन पुनः सुस्ताउँदै

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ कार्तिक

मुस्ताङको पर्यटन पुनः सुस्ताउँदै गएको छ ।

भारी हिमपात, हिमआँधी र हिमपहिरोसहित भारी जोखिम हुने प्रक्षेपण गरिएका सूचना प्रसारण भएपछि मुस्ताङमा पर्यटकको संख्या कम हुँदै जान थालेको हो ।

जिल्ला प्रशासन कार्यालय, लोमान्थाङ गाउँपालिका र लोघेकर दामोदरकुण्ड गाउँपालिकालगायतलेबिहीबारदेखि शनिबारसम्म हिमपात, हिमआँधी र हिमपहिरोको जोखिम रहेको उल्लेख गर्दै छुट्टाछुट्टै सार्वजनिक सूचना प्रेषित गरेसँगै मुस्ताङमा बुधबारदेखि आन्तरिक तथा बाह्य पर्यटकको संख्या क्रमशः कम हुँदै गएको हो । प्रशासन र स्थानीय निकायले मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको सूचनाअनुसार बिहीबारदेखि तीन दिनसम्म मौसम प्रतिकूल रहने सम्भावना रहेकाले सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै मुस्ताङका हिमाली तथा उच्चपहाडी क्षेत्रमा पदयात्रा नगर्न पर्यटक तथा सर्वसाधारणलाई सूचित गरेका हुन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतका अनुसार बिहीबारदेखि तीनदिनसम्म मौसम प्रतिकूल हुने सूचनाका कारण मुस्ताङमा पर्यटकको सङ्या आंशिक रुपमा घट्दै गइरहेको बताउनुभयो । दसैँपछि दैनिक पाँच हजार पर्यटक मुस्ताङ भित्रिने गरेकोमा बुधबारदेखि पर्यटकको सङ्या आधाले घटेको छ । बुधबार बेनी-जोमसोम सडकमार्ग हुँदै दुई हजार ८३४ जना पर्यटक मुस्ताङ भित्रिएका छन् ।

जसमध्ये दसैँ बिदामा घर गएका कर्मचारी, सुरक्षाकर्मी र स्थानीय नागरिक मुस्ताङ कार्यक्षेत्र र जिल्ला फर्किएका हुन् । हिमपात हुने सूचनापछि बिहीबार म्याग्दी र मुस्ताङको सिमाना घाँसाबाट ७७९ वटा सवारीसाधन मुस्ताङ प्रवेश गरेका प्रहरी निरीक्षक महतले जानकारी दिनुभयो । यसैगरी मुस्ताङबाट बुधबार मात्रै तीन हजार ३१२ जना पर्यटक थासाङ-३ स्थित इलाका प्रहरी कार्यालय लेतको चेकपोस्टबाट बाहिरिएका छन् । प्रहरी निरीक्षक महतले बुधबार ७९९ वटा सवार ीसाधन मुस्ताङबाट बाहिरिएको बताउँनुभयो । उहाँका अनुसार दुईदिन अघि औसत पाँच हजार बढीले मुक्तिनाथको दर्शन गरेकामा बुधबार दुई हजार ४७९ जनामा सीमित रहेको छ । जसमध्ये स्वदेशी एक हजार ३००, सार्क राष्ट्रका एक हजार १५० र अन्य मुलुकका पर्यटक २१ जना रहेको प्रहरी निरीक्षक महतको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमको 'पर्यटक परमिट चेकपोस्ट'ले पनि भारी वर्षा र हिमपातको जोखिम हुने सूचनाले मुस्ताङमा पर्यटकको आवागमन कम हुँदै गइरहेको जनाएको छ ।

यहाँस्थित एक्याप जोमसोमका प्रमुख राजेश गुप्तका अनुसार हिमपात र वर्षा हुने सूचना अघि मुस्ताङमा दैनिक एक हजार बढी विदेशी पर्यटक भित्रिने गरेकामा बिहीबार उक्त सङ्यामा २५ प्रतिशतले कम पर्यटक भित्रिएको उल्लेख गर्नुभयो । एक्याप पर्यटक चेक पोस्टका अनसार पछिल्लो चारदिनमा तीन हजार ९६९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । २५ अक्टोबरमा ९९४ जना, २६ मा १०६० जना, २७ मा ९१६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएकामा अक्टोबर २९ (हिजो) साँझ ६ बजेसम्म ६०१ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

मुस्ताङ भित्रिएका विदेशी पर्यटकमध्ये १३० जना विदेशी पर्यटक जोमसोमबाट बाहिरिएको एक्याप प्रमुख गुप्तले जानकारी दिनुभयो। लोमान्थाङगाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बिहीबारदेखि भारी हिमपात, हिमआँधी र हिमपहिरोको उच्च जोखिम रहेकाले कोरलानाका र आसपासका क्षेत्रमा यात्रा नगर्न तथा सवारीसाधन नचलाउन सार्वजनिक अनुरोध गर्नुभएको छ । हिमपातका कारण सडकमा हिउँ जम्ने, सवारी दुर्घटना हुनसक्ने र चिसोका कारण स्वास्थ्यमा समस्या पर्नसक्ने भएकाले बिहीबारदेखि शनिबारसम्म मुस्ताङको उपल्लो क्षेत्रमा यात्रा नगर्न तथा यात्रामा रहेकाले उच्च सतर्कता अपनाउन अध्यक्ष गुरुङले सूचनामार्फत आग्रह गर्नुभएको छ ।

अन्तर्राष्ट्रिय शिक्षक सम्मेलनमा २६ बुँदे पोखरा घोषणापत्र जारी

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक



'आगामी पुस्ताका लागि शैक्षिक नवप्रवर्तन र परम्परादेखि नयाँ सम्भावनासम्म' भन्ने मूल नाराका साथ पोखरामा आयोजित दुईदिने अन्तर्राष्ट्रिय शिक्षक सम्मेलन २०८३ शनिबार २६ बुँदे पोखरा घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

राष्ट्रिय शिक्षक सीप विकास प्रतिष्ठानको आयोजनामा सम्पन्न सम्मेलनमा ५० भन्दा बढी सामुदायिक तथा संस्थागत विद्यालयका १४० भन्दा बढी शिक्षक तथा शिक्षाकर्मीहरूको सहभागिता रहेको थियो। सम्मेलनले नेपालको मौलिक ज्ञान, संस्कृति, मूल्य र परम्पराको संरक्षण गर्दै आधुनिक प्रविधि तथा कृत्रिम बौद्धिकताको उपयोगमार्फत शिक्षण सिकाइलाई समयानुकूल, व्यावहारिक र विद्यार्थीमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सम्मेलनको उद्घाटन सत्रमा सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेलले शिक्षकको पेसागत विकास निरन्तर चलिरहने प्रक्रिया भएको उल्लेख गर्दै बदलिँदो शैक्षिक चुनौती सामना गर्न शिक्षकहरूको क्षमता अभिवृद्धि आवश्यक रहेको बताए । उनले शिक्षा राष्ट्रिय विकासको मेरुदण्ड भए पनि यसले अपेक्षित प्राथमिकता र बजेट पाउन नसकेको धारणा राख्दै परीक्षामुखी शिक्षाभन्दा ज्ञान, सीप, नैतिकता, व्यावहारिक क्षमता र मानवीय मूल्यमा आधारित शिक्षामा जोड दिनुपर्ने बताए । सम्मेलनको पहिलो दिनको मुख्य आकर्षणका रूपमा प्रमुख बक्ता काठमाडौँ बिश्वबिद्यालयका प्राध्यापक डा. बालचन्द्र लुइँटेलले 'कृत्रिम बौद्धिकतालाई पछाडि छोडेर मानवीय चेतनामा केन्द्रित होऔँ' विषयमा मुख्य विज्ञ प्रस्तुति दिएका थिए । उनले प्रविधिको तीव्र विकासका बीच शिक्षामा मानवीय चेतना, विवेक, संवेदना र नैतिकताको महत्त्वबारे चर्चा गरेका थिए। पहिलो दिन विभिन्न विषयगत अन्तरक्रिया तथा छलफलमार्फत विद्यार्थीकेन्द्रित, सहभागितामूलक र सिर्जनात्मक शिक्षण अभ्यासका विषयमा शिक्षकहरूबीच अनुभव आदानप्रदान भएको थियो ।

दोस्रो दिन आईएनजी इम्प्याक्ट प्रा. लि. तथा 'माइ सेकेन्ड टिचर'को सहजीकरणमा 'शिक्षकका लागि कृत्रिम बौद्धिकतामार्फत भविष्यको नेतृत्व' विषयमा प्रयोगात्मक कार्यशाला सञ्चालन गरिएको थियो। कार्यशालामा शिक्षण तथा शैक्षिक कार्यमा कृत्रिम बौद्धिकताको प्रयोग, पाठ्यक्रमको ढाँचाअनुसार प्रश्नपत्र निर्माण, पाठयोजना तयार गर्ने तरिका, रोबोटिक्स तथा भविष्यका सीप, सामाजिक सञ्जालका लागि तस्बिर तथा चलचित्र निर्माण र कृत्रिम बौद्धिकताको माध्यमबाट गीत तथा सङ्गीत सिर्जनाजस्ता विषयमा अभ्यास गराइएको थियो । कार्यशालाले कृत्रिम बौद्धिकतालाई शिक्षकको प्रतिस्थापन नभई शिक्षण सिकाइलाई प्रभावकारी बनाउने सहयोगी साधनका रूपमा प्रयोग गर्नुपर्ने र विद्यार्थीमा प्रविधिको आलोचनात्मक तथा जिम्मेवार प्रयोग गर्ने क्षमता विकास गर्नुपर्ने सन्देश दिएको थियो । सम्मेलनको प्रमुख उपलब्धिका रूपमा जारी गरिएको २६ बुँदे पोखरा घोषणापत्र राष्ट्रिय शिक्षक सीप विकास प्रतिष्ठानको मूल अवधारणा 'प्रेरणा, नवप्रवर्तन र प्रभाव' का तीन आधारस्तम्भमा केन्द्रित रहेको छ। घोषणापत्रले विद्यार्थीमा जिज्ञासा, सिर्जनशीलता र सिकाइप्रतिको रुचि जगाउने, शिक्षण अभ्यासमा नवीनता ल्याउने तथा सिकाइलाई वास्तविक जीवनसँग जोडेर सकारात्मक परिवर्तन सिर्जना गर्ने प्रतिबद्धता समेटेको छ । घोषणापत्रमा शिक्षालाई परीक्षाको नतिजामा मात्र सीमित नराखी विद्यार्थीको ज्ञान, सीप, आत्मविश्वास, नैतिकता, सिर्जनशीलता र जिम्मेवारी विकासलाई सफलताको आधार मान्नुपर्ने उल्लेख गरिएको छ । साथै सम्मेलनमा सिकेका कम्तीमा एउटा नयाँ विचारलाई आफ्नो कक्षाकोठामा कार्यान्वयन गर्न प्रत्येक सहभागी शिक्षकलाई आह्वान गरिएको छ । यसैगरी सम्मेलनले राष्ट्रिय शिक्षक सीप विकास प्रतिष्ठानअन्तर्गतको शैक्षिक नवप्रवर्तन केन्द्रलाई शिक्षकको निरन्तर पेसागत विकास, सहकार्य, अनुभव आदानप्रदान र नवीन शिक्षण अभ्यासको साझा मञ्चका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। उक्त केन्द्रमार्फत शिक्षक, विद्यालय तथा शैक्षिक साझेदार हरूलाई निरन्तर सिकाइ, सहकार्य र असल अभ्यासको आदानप्रदानमा जोड्ने लक्ष्य राखिएको छ । सम्मेलन सफल बनाउन सहकार्य तथा सहयोग गर्ने केपीजेड विश्वविद्यालय, द थिओले फाउन्डेसन, ट्वेन्टीवान फ्युचरप्रुफ र कर्मफ्लाइट्स फाउन्डेसनप्रति आयोजकले विशेष आभार व्यक्त गरेको छ । त्यसैगरी सम्मेलनको व्यवस्थापकीय तथा आवश्यक भौतिक पूर्वाधार र आतिथ्य व्यवस्थापनमा महत्त् वपूर्ण सहयोग पुर्याउने भास्कर मेमोरियल विद्यालयप्रति पनि धन्यवाद व्यक्त गरिएको छ । ५० भन्दा बढी सामुदायिक तथा संस्थागत विद्यालयका १४० भन्दा बढी शिक्षकहरूको सहभागितामा सम्पन्न सम्मेलनले शिक्षकहरूबीच अनुभव आदानप्रदान, सहकार्य र व्यावसायिक सम्बन्ध विस्तार गर्दै नेपालको शिक्षालाई समयानुकूल, जीवनोपयोगी र मानवकेन्द्रित बनाउन महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।

नयाँ ज्ञान, सीप, अनुभव र प्रेरणासहित आआफ्ना विद्यालय फर्किएका शिक्षकहरूले सम्मेलनबाट सिकेका विषयलाई कक्षाकोठामा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । 'सँगै प्रेरित बनौं, सँगै नवप्रवर्तन गरौं र सँगै सकारात्मक प्रभाव सिर्जना गरौं' भन्ने सन्देशसहित सम्पन्न सम्मेलनले नेपालको शिक्षाको रूपान्तरणमा शिक्षकहरूको सामूहिक भूमिका महत्त्वपूर्ण हुने निष्कर्ष निकालेको छ ।

बाढीपीडितलाई आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पर्वत, १४ कार्तिक

कालीगण्डकीमा गत असोज १० र ११ गतेको बाढीबाट विस्थापित पर्वतको विहादी गाउँपालिका- ६ सेती वेणीबजारका व्यावसायीलाई पर्वत उद्योग वाणिज्य सङ्घले आर्थिक सहयोग गरेको छ ।

सङ्घको व्यवसायी कल्याणकारी कोषबाट उनीहरुलाई नगदसहित खाद्यान्न सहयोग गरिएको हो । स्थानीय आठ जना व्यवसायीलाई जनही रु १० हजारका दरले रु ८० हजार आर्थिक सहयोग गरिएको सङ्घका अध्यक्ष ठाकुरवि पौडेलले जानकारी दिनुभयो ।

उहाँहरुलाई नगद सहयोगसँगै नौ थान सोलार सेटसमेत प्रदान गरिएको छ । त्यसैगरी बाढीवाट समस्यामा परेका स्थानीयवासी, विद्यालय र प्रहरी चौकीलाई सहयोग गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । उहाँका अनुसार २० बोरा चामल २० कार्टुन चाउचाउ, २० थान राहत प्याकेजजस्ता सामग्री सहयोग गरिएको हो । अध्यक्ष पौडेलले कालीगण्डकी बाढीबाट ठूलो नोक्सानी व्यहोरेका व्यावसायीलाई तत्कालका लागि पुनःस्थापित हुन सहज होस् भन्ने उद्देश्यले प्रभावित क्षेत्रमै पुगेर राहत प्रदान गरिएको बताउनुभयो ।

पर्वत, स्याङ्जा र गुल्मीको सङ्गमस्थलमा अवथित सेतीवेणीबजारमा बाढीले झण्डै रु २० करोडभन्दा बढीको क्षति पुऱ्याएको थियो । बाढीबाट पर्वततर्फ नौ घर भत्किएको, ३० वटा व्यवसायमा क्षति पुगेको तथा स्याङ्जातर्फ पनि २० भन्दाबढी पसल तथा घर बगाएको थियो । यसअघि पर्वत उद्योग वाणिज्य सङ्घको सहयोगमा जिल्लाका १०० बाढीपीडित परिवारलाई खाद्यान्न र अन्य राहत सामग्री सहयोग गरेको थियो। यस्तै विभिन्न सङ्घसंस्थालाई सोलार बत्तीसमेत सहयोग गरिएको सङ्घका वरिष्ठ उपाध्यक्ष कमलबहादुर जिसीले जानकारी दिनुभयो । बाढीले खण्डहर बनेको सेतीवेणी बजार अहिले सुनसान बनेको छ । त्यहाँका व्यवसायी अहिले पनि विद्यालयमा आश्रय लिएरकाले तत्काल पुनःस्थापना र पुनर्वासको माग गरिएको छ ।

म्याग्दीमा निजी आवास पुनःनिर्माण कार्ययोजना तयार

-सन्तोष गौतम
म्याग्दी, १४ कार्तिक/रासस

गत असोजको बाढीपहिरोबाट प्रभावित जिल्लामा निजी आवास प्रबलीकरण, पुनःनिर्माण तथा पुनःस्थापनाका लागि कार्ययोजना तयार पारिएको छ ।

जिल्ला प्रशासन कार्यालयले तयार पारेको कार्ययोजना विपद् ब्यवस्थापन समितिको बैठकले पारित गरेपछि आजदेखि कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । प्रमुख जिल्ला अधिकारी गणेश गैरेले उद्धार र राहतपछि अस्थायी बसोबासको ब्यवस्थासँगै पुनःनिर्माणको चरणमा अघि बढेको जानकारी दिनुभयो ।

"मृतक र घरवास गुमाएकाहरुलाई उद्धार र राहत उपलब्ध गराई अस्थायी बसोबासको ब्यवस्था मिलाउनेसँगै निजी आवास पुनःनिर्माणलाई तिब्रता दिन र व्यवस्थित बनाउन कार्ययोजना बनाएका हौ," उहाँले भन्नुभयो "निजी आवास पुनःनिर्माणको काम आगामी २०८३ जेठ दोस्रो हप्ताभित्र सक्ने गरि कार्ययोजना तयार भएको छ ।" समयतालिका निर्धारण गरेर तयार पारिएको १२ बुदे कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तह र जिल्ला विपद् ब्यवस्थापन समितिको स्पष्ट जिम्मेवारी तोकिएको छ । स्थानीय तहले पौषको दोस्रो हप्तासम्म विपद्बाट पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा तयार, सूचना प्रणालीमा प्रबिष्ट गर्ने, लगत संकलन सम्पन्नताको निस्सा दिने, लाभग्राहीको पहिचान गरी सूची सहितको विवरण जिल्लामा पठाउने र क्षतिको स्तर अनुसार प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना छुट्याएर लाभग्राही कायम गर्न जिल्ला विपद् ब्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्नेछ ।

जिल्ला विपद् ब्यवस्थापन समितिले पौषको देस्रो हप्तासम्म निर्णय गरि राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पहिलो किस्ता रकम माग गर्ने, तेस्रो हप्तामा वडा अध्यक्षहरुले अनुदान सम्झौता गर्ने, पौष मसान्तभित्र पहिलो किस्ता अनुदान दिने, फागुन १५ गतेसम्म दोस्रो र जेठ १५ गतेसम्म तेस्रो किस्ता अनुदान वितरण गर्ने कार्ययोजना बनाइएको छ । विपद् प्रभावितले निजी आवास पुनर्निर्माणका लागि रु. पाँच लाख अनुदान पाउने कार्यबिधी छ ।

सूचना प्रविधि सञ्चालन तथा प्राधिकरणले प्राधिकरणले विकास गरेको पोर्टलको प्रयोग सम्बन्धमा स्थानीय तहका विपद् सम्पर्क व्यक्ति र प्राविधिक कर्मचारीलाई तालिम दिनका लागि प्राधिकरणलाई माग गरिएको छ । निजी आवासको क्षतिको मुल्याङ्कन र लाभग्राही पहिचानको प्रक्रियासँगै मृतक र विस्थापितहरुलाई राहत वितरण तथा अस्थायी बसोबास ब्यवस्थापनको कामलाई समानान्तर रुपमा अघि बढाइएको म्याग्दीमा सबैभन्दा बढी प्रभावित भएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो । सरकारले असोज २१ गते म्याग्दीका बेनी नगरपालिका, अन्नपूर्ण, घ्रुगंगा, मालिका, मंगला र धवलागिरि गाउँपालिकालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । विपद् प्रतिकार्यका आकस्मिक काम गर्नका लागि पहिलो चरणमा संघीय सरकारले रु. ४०/४० लाख अनुदान पठाएको छ ।

प्रहरी, जनप्रतिनिधि प्राविधिकहरुले क्षतिको तथ्यांक संकलन गरि मुचुल्का तयार पार्ने काम अन्तिम चरणमा पुऱ्याएका छन् । पछिल्लो विपद् बाट म्याग्दीको अन्नपूर्णमा पाँच र मालिकामा दुई जनाको मृत्यु भएको प्रहरी नायव उपरीक्षक राजन कार्कीले बताउनुभयो । बेनी नगरपालिका र अन्नपूर्णमा एक/एक जना वेपत्ता छन् ।

प्रनाउ कार्कीका अनुसार जिल्लाभर दुई सय ४३ घर पूर्ण र एक सय ८४ घरको आंशिक क्षति भएको विवरण प्रहरीले हालसम्म संकलन गरेको छ । तीन सय ६२ घर बाढी, पहिरो र कटानका कारण जोखिममा परेका छन् । ३४ गोठ पूर्ण र ४६ वटामा आंशिक क्षति पुगेको छ । १३ वटा विद्यालयमा आंशिक क्षति पुगेको छ ।

क्षतिको विवरण संकलन पुरा नभएकाले संख्या थपिन सक्ने प्रजिअ गैरेले बताउनुभयो । म्याग्दीका प्रमुख बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-बागलुङ लगायत सडक, खानेपानी, सिचाई, विद्युतीकरण, जलविद्युत आयोजना, प्रशारण लाइन, नदी नियन्त्रण योजनामा ठूलो क्षति पुगेको छ । कालीगण्डकी र म्याग्दी नदीमा आएको बाढीका कारण तटीय क्षेत्रमा कटान तथा बाढीको जोखिम बढेको छ ।

विपद्बाट क्षति पुगेका सार्वजनिक भौतिक संरचनाहरुको पुननिर्माणका लागि भने स्थानीय तहको माग र जिल्ला विपद् ब्यवस्थापन समितिको सिफारिसको आधारमा राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन प्राधिकरण मार्फत बजेट उपलब्ध गराइने म्याग्दीबाट निर्वाचित प्रतिनिधीसभा सदस्य समेत रहनुभएका विज्ञान, प्रबिधि तथा नवप्रर्वतन् मन्त्री महाविर पुनले हालै बेनीमा भएको अन्तरक्रिया कार्यक्रममा बताउनुभएको थियो ।

आवासीय विद्यालय सञ्चालन गर्न महायज्ञ आयोजना

पोखरापत्र संवाददाता
म्याग्दी, १४ कार्तिक

म्याग्दीको मंगला गाउँपालिका-१ कुहुँमा रहेको दिपशिखा माध्यमिक विद्यालयलाई आवासीयमा रुपान्तरण गर्ने उद्देश्यले आर्थिक स्रोत जुटाउन महायज्ञ आयोजना गरिएको छ ।

यही कात्तिक २६ देखि आगामी मङ्सिर ३ गतेसम्म कुहुँस्थित विद्यालय परिसरमा सञ्चालन हुने "म्याग्दी मालिका टोड्के, शैक्षिक एवं धार्मिक महोत्सव, श्रीमद्भागवत धन धान्याञ्चल सप्ताह ज्ञान महायज्ञ" स्थलमा पूर्वाधार निर्माण सुरु, प्रचारप्रसार र ब्यवस्थापकीय तयारी तीव्र पारिएको हो ।

विद्यालयलाई आवासीयमा रुपान्तरण, स्मार्ट विद्यालयको अवधारणाअनुसार सूचना प्रविधिको प्रयोग गरी पठनपाठन, सिकाई उपलब्धि र गुणस्तर वृद्धि गराउने तथा खेलमैदान निर्माणका लागि जग्गा खरिद गर्ने उद्देश्यले महायज्ञ आयोजना गरिएको प्रअ नन्दबहादुर खत्रीले जानकारी दिनुभयो ।

"विपन्न, भौगोलिक रूपमा विकट र अपायक पर्ने ठाउँका साथै कमजोर विद्यार्थीलाई आवासीय सुविधा दिएर अतिरिक्त कक्षा सञ्चालन गरी सिकाई उपलब्धि वृद्धि गर्ने उद्देश्य राखेका छौं," उहाँले भन्नुभयो, "प्रविधिको प्रयोग र शैक्षिक गुणस्तर वृद्धि गरेर अध्ययनका लागि बालबालिकालाई सहर बजार लैजाने समस्या न्युनीकरण गर्ने पनि उद्देश्य हो ।" पण्डित दीनबन्धु पोखरेलले कथाबाचन गर्नुहुने महायज्ञबाट रु तीन करोड जुटाउने र रु दुई करोड बचत गर्ने लक्ष्य राखिएको सहायक प्रअ हरिकृष्ण भट्टराईले बताउनुभयो । भागवत पाठ-पारायण, पुजाआजा, भजनकिर्तन, कशलयात्रा, आरती, झाकी प्रर्दशनि गरिने उहाँले बताउनुभयो । कक्षा १ देखि १२ सम्मको पठनपाठन हुने विद्यालयमा हाल १९६ जना विद्यार्थी छन् । विसं २०१७ मा स्थापना भएको विद्यालयले विसं २०४७ देखि माध्यमिक र विसं २०६५ देखि दश जोड दुई तहको पठनपाठन सञ्चालन गर्दै आएको ब्यवस्थापन समितिका अध्यक्ष डेकबहादुर घर्ती क्षेत्रीले बताउनुभयो ।